☎०७८-५४०१७०, ५४१११६
Email:info@kawasotimun.gov.np
Website: kawasotimun.gov.np

कावासोती नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

गण्डकी प्रदेश, नेपाल

प.सं.

च.नं.

**स्थानीय सेवा(गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम तहवृद्धि गर्ने सम्बन्धी ७(सात) दिने सूचना।**

सूचना नं. ०१/२०८०/०८१ (तहवृद्धि)
सूचना प्रकाशन मिति २०८०/०९/२२

स्थानीय सेवाको गठन सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७९ को दफा २७ बमोजिम तह वृद्धि हुने पदभन्दा एक तहमुनिको पदको लागि तोकिए बमोजिम न्यूनतम सेवा अवधि, योग्यता पूरा भएका र तोकिए बमोजिमको पछिल्लो पाँच बर्षको कार्य सम्पादन मूल्याङ्कनमा तोकिए बमोजिमको अङ्क प्राप्त गरेका कर्मचारीलाई सम्बन्धित सेवा, समूह वा उपसमूहभित्रको पदमा तहवृद्धि गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ। स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७९ को दफा ९ बमोजिम योग्यता पूरा गरेका तथा दफा ३१ बमाजिमको नकारात्मक सूचीमा नपरेका तहवृद्धि हुने भन्दा एक तह मुनिको सम्बन्धित सेवा, समूह र उपसमूहको पदमा कावासोती नगरपालिका कार्यालयमा कार्यरत स्थानीय सेवाका इच्छुक स्थायी कर्मचारीहरुले कावासोती नगरपालिका कार्यालयको वेबसाइट www.kawasotimun.gov.np मा रहेको तहवृद्धिको आवेदन फाराम डाउनलोड गरी फाराममा उल्लिखित विवरण खुलाई सम्भव भएसम्म नेपाली कागजमा प्रिन्ट गरी कार्यालय प्रमुखबाट प्रमाणित गराई दुई प्रति तयार गरी मिति २०८०/०९/२८ गते सम्ममा यस कार्यालयको प्रशासन शाखामा बुझाउनुहुन सुचित गरिन्छ। म्याद नाघी प्राप्त हुन आएका, अपुरो विवरण भरी पेश भएका र तोकिए बमोजिम कागजात संलग्न नभएका आवेदन माथि कारवाही नगरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ। तहवृद्धि सम्बन्धी सूचना कावासोती नगरपालिका कार्यालयको वेबसाइटमा हेर्नु हुन अनुरोध छ।

....................
(लिलाराज पौडेल)
प्रमुख प्रशासकीय अधिकृत